"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**DHARAN SUB-METROPOLITAN CITY**

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

पत्र संख्या :-                    ............................ महाशाखा / शाखा / उपशाखा

मितिः २०८०।०४।१०

चलानी नं. :- २२०

## सामी कार्यक्रमको लागि करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट जारी सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन मार्गदर्शन २०७९ बमोजिम यस उपमहानगरपालिका नगरकार्यपालिकाको मिति २०८०/४/०९ गतेको निर्णय अनुसार सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नगरपालिका आफैले संचालन गर्ने भएकोले उक्त कार्यक्रम संचालन गर्नको लागि निम्नानुसारको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक १८ वर्ष पूरा भै ४० वर्ष ननाघेका नेपाली नागरिकहरुबाट देहायका पदका लागि दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | विज्ञापन नं | पद | निवेदन दस्तुर | पद संख्या | योग्यता |
|---|---|---|---|---|---|
| १ | २/२०८० /८१ | मनोसामाजिक परामर्शकर्ता | ५०० | १ (महिलालाई प्राथमिकता) | कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको। मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा कम्तिमा २ वर्षको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |

**कार्य अवधिः** हाललाई २०८१ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ ।

**परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र प्रयोगात्मक

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार ।

**आवश्यक कागजातहरु** : दरखास्त साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,अनुभवको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी नगरपालिकाबाट उपलब्ध फारम भरि पेश गर्नु पर्नेछ । फारम यस उपमहानगरपालिकाको वेभसाईड www.dharan.gov.np बाट डाउनलोड गरेर पनि भर्न सकिनेछ। तोकिएको समय भन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

**छनौट प्रक्रियाः**

प्रारम्भिक छनौट यस उ.म.न.पा. को स्वीकृत करारमा कर्मचारी छनौट सम्बन्धी कार्यविधि अनुसार हुनेछ। लिखित परीक्षामा उत्तिर्ण उम्मेद्वारहरुलाई मात्र अन्तरवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिने छ ।

**दरखास्त दिने अन्तिम मिति** : सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८०।०४।२४ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम दिन सार्वजानिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ ।

२०८०।०४।१०

शम्भुप्रसाद पाण्डे

शाखा अधिकृत